जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक ११० २०७९ साल मंसिर १० गते शनिबार (26 Nov. 2022 Saturday) मूल्य रु. ५/-

**डेंगीबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असहय् पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : सप्तरी-२ मा हरेक पटक ... ३ पृष्ठमा : 'नेतालाई दिएर भोट,... ३ पृष्ठमा : पिउने पानी र प्रकाशको ...

# सप्तरी प्रदेशसभा ४ को १ मा नेकपा एस र २ मा स्वतन्त्र बिजयी

# आठ प्रदेशसभा सीटमा ४ जनमत तथा काँग्रेस, एमाले, एस र स्वतन्त्रलाई एक/एक सीट

**दैनिक समाचारदाता**
**राजविराज, ९ मंसिर ।**

सप्तरीमा आउन बाँकी रहेको २ प्रदेशसभा सदस्य सीटको मतपरिणाम पनि शुक्रबार सार्वजनिक भएको छ ।

जिल्लाको ४ नं. क्षेत्रको प्रदेश सभा १ र २ को शुक्रबार अन्तिम नतिजा सार्वजनिक भएको हो ।

प्राप्त मतपरिणाम अनुसार प्रदेशसभा ४ को १ मा एकिकृत समाजवादीका गोविन्द बहादुर न्यौपाने विजयी भएका छन् । न्यौपानेले ११ हजार ४ सय २९ मत ल्याउदा उनका निकटतम प्रतिद्वन्दी जनमत पार्टीका नमेन्दर पासमान ५ हजार ५ सय ५८ मत प्राप्त गरे । त्यस्तै एमालेका बालकृष्ण चौधरीले ५ हजार ८ मत ल्याए ।



गोविन्द बहादुर न्यौपाने



अनिरुद्ध प्रसाद सिंह

यस्तै प्रदेशसभा ४ को २ मा जसपाबाट बागि भई स्वतन्त्र उम्मेदवारी दिएका अनिरुद्ध प्रसाद सिंह निर्वाचित भएका छन् । सिहले ९ हजार ९ सय ८५ मत ल्याउदा जसपाकी नेतृ रेणु यादवका छोरा तथा निवर्तमान मधेश प्रदेशसभा सदस्य अभिषेक यादवले ७ हजार ९ सय २० मत प्राप्त गरे । यस्तै जनमतका केशरराज गुप्ताले ५ हजार ६ सय ७३ मत ल्याए भने नेपाली कांग्रेसका उम्मेदवार इन्द्रदेव यादवले ४ हजार ४ सय ९८ मतमै चित्त बुझाए ।

प्रदेशसभा सदस्यको उम्मेदवारका लागि ६३ वर्षीय सिंहको नाम जसपाको वडा समितिबाटै सिफारिस भएको थियो । तर, अभिषेकको नाम वडा तहबाट सिफारिस भएको थिएन । आफ्नो नाम वडा हुँदै नगर तथा जिल्लाबाट सिफारिस भएर माथिल्लो तहमा गए पनि पार्टीले टिकट नदिएपछि बाध्य भएर स्वतन्त्र उम्मेदवारी दिएको सिंहले बताए ।

आठ वटा प्रदेशसभा सीटको रहेको यस जिल्लाको प्रदेशसभाको मतगणना सकिएको छ । अन्तिम मतपरिणाम अनुसार प्रदेशसभा १ को १ मा एमालेका राजकुमार लेखी र २ मा जनमतका मो.सकिल मियाँ, प्रदेशसभा २ को १ मा जनमतको सतिश कुमार सिंह र २ मा जनमतकै महेश प्रसाद यादव निर्वाचित भएका छन् ।

यस्तै प्रदेशसभा ३ को १ मा काँग्रेसका मो. समिम र २ मा जनमतका शम्भु कुमार साह तथा प्रदेशसभा ४ को १ मा एकिकृत समाजवादीका गोविन्द न्यौपाने र २ मा स्वतन्त्र उम्मेदवार अनिरुद्ध प्रसाद सिंह निर्वाचित भएका छन् ।

चार वटा प्रतिनिधिसभा क्षेत्र मध्ये तीन वटाको बिहीबारै मतपरिणाम सार्वजनिक भइसकेको छ । जसअन्तरगत प्रतिनिधीसभा १ मा जसपाका नवल किशोर साह, २ मा जनमतका डा. सिके राउत र क्षेत्र नं. ३ मा काँग्रेसका दिनेश कुमार यादव निर्वाचित भएका छन् ।

मतगणना बाँकी रहेको सप्तरी ४ मा भने कांग्रेसका उम्मेदवार तेजुलाल चौधरीले सुरुदेखि नै अग्रता कायम राखेका छन् । यो क्षेत्रको मतगणनना शनिबारसम्म सम्पन्न हुने मुख्य निर्वाचन अधिकृत हेमन्त रावलले जानकारी दिए ।

## प्रदेशसभा जसपा, लोसपा र माओवादीविहीन

प्रदेशतर्फ ८ वटा निर्वाचन क्षेत्र रहेको सप्तरीमा सम्पन्न मतगणना परिणामले यस पटक जसपा र लोसपाबिहीन भएको छ भने गत निर्वाचन जस्तै यस पटक पनि माओवादीले एउटै सीट जित्न सकेन् ।

प्रदेशतर्फ आठ मध्ये पाँच क्षेत्रमा जसपाले उम्मेदवारी दिए पनि कुनै क्षेत्रमा विजयी हुन सकेन । त्यस्तै लोसपाले एक क्षेत्रबाट र माओवादी केन्द्रले दुई क्षेत्रबाट उम्मेदवारी दिएको थियो ।

# सिरहा क्षेत्र-४ मा जसपाका महतो विजयी

लहान, ९ मङ्सिर (रासस) ।

सिरहा निर्वाचन क्षेत्र नं ४ बाट प्रतिनिधिसभा सदस्य पदमा नेकपा (एमाले)-जनता समाजवादी पार्टीको तर्फबाट जसपाका डा वीरेन्द्रप्रसाद महतो विजयी हुनुभएको छ ।

अन्तिम मतपरिणामअनुसार उहाँले जनमत पार्टीका वीरेन्द्रप्रसाद शाहलाई सात हजारआठ सय आठ मतान्तरले पछि पार्दै विजयी हुनुभएको हो । क्षेत्र नम्बर ४ का निर्वाचन अधिकृत दीपेन्द्रनाथ योगीका अनुसार महतोले २४ हजार एक सय दुई मत प्राप्त प्राप्त गर्दा निकटतम् प्रतिद्वन्द्वी जनमत पार्टीका शाहले १६ हजार दुई सय ९४ मत प्राप्त गर्नुभयो ।

यसैगरी सत्ता गढबन्धनबाट एकीकृत समाजवादीका धर्मनाथ शाहले १४ हजार ६५३ मत प्राप्त गर्नुभयो भने राष्ट्रिय स्वतन्त्र पार्टीका विमल कुमार तिवारीले एक हजार ६८३ मत प्राप्त गर्नुभयो ।

यस निर्वाचन क्षेत्रमा जम्मा ६५ हजार दुई सय १६ मत खसेकामा चार हजार दुई सय ९४ मत बदर भएको निर्वाचन अधिकृतको कार्यालयले जानकारी दिएको छ । सिरहा-४ मा विजयी महतो २०७० को दास्रो संविधानसभामा समानुपातिकतर्फबाट सभासद बन्नुभएको थियो ।

# धनुषा-३ मा एमालेका महतो निर्वाचित

महेन्द्रनगर (धनुषा), ९ मंसिर (रासस) ।

धनुषा निर्वाचन क्षेत्र नं ३ को प्रतिनिधिसभा सदस्य पदमा नेकपा (एमाले)का जुलीकुमारी महतो निर्वाचित हुनुभएको छ । उहाँले गठबन्धनका उम्मेदवार लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका अनिल झाभन्दा नौ हजार छ सय ६९ मत बढी ल्याएर निर्वाचित हुनुभएको हो ।

निर्वाचन आयोगका अनुसार एमाले नेतृ महतोले ३३ हजार तीन सय ५५ मत प्राप्त गर्नुभएको छ भने लोसपा नेता झाले २३ हजार छ सय ८६ मत प्राप्त गर्नुभएको छ । महतोले पहिलोपल्ट प्रत्यक्ष निर्वाचनमा जित हासिल गर्नुभएको हो । दुईपटक समानुपातिक सांसद हुँदै मन्त्रीसमेत बन्नुभएको थियो । यससँगै धनुषाको चारमध्ये दुई सिटको मत परिणाम आउँदा एक कांग्रेस र एक एमालेको भागमा परेको छ ।

# लोसपा अध्यक्ष ठाकुर बिजयी

**दैनिक समाचारदाता**
**महोत्तरी, ९ मंसिर ।**

महोत्तरी प्रतिनिधिसभा क्षेत्र नम्बर ३ मा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का अध्यक्ष महन्थ ठाकुर विजयी भएका छन् ।

उनले जनता समाजवादी पार्टी (जसपा) का हरिनारायण यादवलाई २ हजार ५० मतान्तरले पराजित गरेका हुन् ।

ठाकुरले १६ हजार ३७५ मत ल्याउँदा यादवले १४ हजार ३२५ मत पाएका छन् ।

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

# सप्तरी-२ मा हरेक पटक नयाँ इतिहास, यसपटक डा राउत

**राजु विश्वकर्मा**
सप्तरी, ९ मङ्सिर (रासस) ।

मङ्सिर ४ को निर्वाचनसम्म धेरैको अनुमान थियो सप्तरी क्षेत्र नं २ मा यसपटक नयाँ इतिहास कायम हुनेछ । तर त्यो अनुमान फेल भयो किनभने यहाँ यो निर्वाचनमा पनि नयाँ अनुहारको विजय भयो । यो निर्वाचन क्षेत्रले पुरानै इतिहास कायम गर्दै यसपटक पनि जनप्रतिनिधिका रुपमा नयाँ अनुहार निर्वाचित गरेको छ ।

अहिलेसम्मका निर्वाचनमा जनप्रतिनिधिका रुपमा नयाँ अनुहार निर्वाचित हुँदै आएको यो निर्वाचन क्षेत्रमा यसपटक पनि जनमत पार्टीका अध्यक्ष डा सीके राउत निर्वाचित हुनुभयो । डा राउतले जनता समाजवादी पार्टी ( जसपा)का अध्यक्ष उपेन्द्र यादवलाई १८ हजारभन्दा बढी मतान्तरले पराजित गर्दै प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको छ । डा राउतको ३५ हजार ४२ मत र यादवको १६ हजार नौ सय ७९ मत रहेको मुख्य निर्वाचन अधिकृत हेमन्त रावलले जानकारी दिनुभयो ।

गत २०७४ सालको निर्वाचनमा जसपा अध्यक्ष यादव यसै क्षेत्रबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको थियो । यस क्षेत्रमा एकपटक निर्वाचित भएका जनप्रतिनिधि पुनःदोहोरिएका छैनन् । पुनःनिर्वाचित भएर सो क्षेत्रमा नयाँ इतिहास कायम गर्ने योजनामा रहनुभएका यादवलाई पनि यस क्षेत्रका मतदाताले छानेनन् । विसं २०४८ को राजनीतिक परिवर्तनयता भएका सात वटा निर्वाचनमा यस क्षेत्रले फरकफरक पार्टीका फरकफरक व्यक्तिलाई जनप्रतिनिधि चुनेको छ ।

विसं २०४८ को निर्वाचनमा नेपाली कांग्रेसबाट हरिप्रसाद राय विजयी हुनुभएको थियो । २०५१ सालको निर्वाचनमा राष्ट्रिय प्रजातन्त्र पार्टीका रेणुकुमारी यादव, २०५६ मा तत्कालीन नेपाल सद्भावना पार्टीका अनिस अन्सारी निर्वाचित हुनभएको थियो ।

विसं २०६४ को पहिलो संविधानसभा निर्वाचनमा तत्कालीन सद्भावना पार्टीबाट महेश यादव र २०७० को दोस्रो संविधानसभा निर्वाचनमा नेकपा (माओवादी केन्द्र)का उमेशकुमार यादवले संविधानसभा सदस्य बन्ने अवसर यसै क्षेत्रबाट पाउनुभएको थियो ।

त्यसैगरी विसं २०७४ को प्रतिनिधिसभा निर्वाचनमा जसपा अध्यक्ष यादव विजयी हुनुभएको थियो । यस निर्वाचनमा भने जनमत पार्टीका अध्यक्ष डा राउतले पहिलो पटक प्रतिनिधिसभा सदस्यका रुपमा संसद्को यात्रा तय गर्नुभएको हो ।

राजविराज नगरपालिका, तिलाठी कोइलाडी गाउँपालिका, महदेवा गाउँपालिका, छिन्नमस्ता गाउँपालिका गरी चार पालिका रहेको सो क्षेत्रमा ९५ हजार तीन सय ९४ मतदाता छन् । गत आइतबार सम्पन्न निर्वाचनमा कूल ६४ हजार पाँच सय ६० मत खसेको थियो ।

संयुक्त राज्य अमेरिकाको नासाको जागिर छाडेर नेपाल फर्केका ४३ वर्षीय डा राउत एक दशकअघि नेपालको राजनीतिमा प्रवेश गर्नुभएका हो । दुई ठूला गठबन्धनका उम्मेदवारलाई पाखा लगाएर चुनावी परिणाम आफ्नो पक्षमा पार्न सफल डा राउतसँग मतदाताको ठूलो अपेक्षा रहेको राजनीतिक विश्लेषक देवनारायाण यादवले बताउनुभयो । "जुन परिवेश र पृष्ठभूमिमा डा राउतले चुनाव जित्नुभएको छ पक्कै पनि उहाँका लागि यात्रा तय गर्न सहज छैन", उहाँले भन्नुभयो, "निर्वाचनका बेला लोकप्रिय नाराप्रति मतदाताको आकर्षण धेरै बढेको छ, त्यसलाई सहीरुपमा सम्बोधन गर्नु चुनौती छ ।"

नागरिक सञ्जाल सप्तरीका संस्थापक अध्यक्ष सुखराम यादवले मतदाताको चाहना, भावनाअनुसार इमान्दारितापूर्वक काम गर्नुपर्ने उहाँको काँधमा जिम्मेवारी आएको बताउनुभयो । यसका साथै सप्तरीको विकासका लागि सञ्चालन भएका रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान, नरसिंह कलेज, इञ्जिनियरिङ कलेज सञ्चालन, कृषि विश्वविद्यालय जस्ता योजनालाई मूर्तरुप दिनुपर्ने यादवको सुझाव छ ।

डा राउतले मतदाताले आफूमाथि गरेको भरोसा टुट्न नदिने बताउनुहुन्छ । "मलाई सप्तरीका जनताले ठूलो आशा र भरोसा गरेर जिताएका छन्", उहाँले भन्नुभयो, "जनताको विश्वास र भरोसालाई टुट्न दिन्न, जनादेशलाई शिरमा राखेर काम गर्नेछु ।" आफ्नो पहिलो कार्ययोजना सरकारी सेवा प्रवाहलाई सरल र प्रभावकारी बनाउने उहाँले बताउनुभयो ।

सप्तरीलाई शतप्रतिशत शिक्षित जिल्ला बनाउनु, विकराल रहेको कुपोषणलगायतका स्वास्थ्य समस्यालाई हल गर्दै शतप्रतिशत जनताको स्वास्थ्यमा सहज पहुँच पुऱ्याउनु, हरेक परिवारलाई रोजगारीसँग जोड्नु र किसानलाई सहजरुपमा मलखाद्य, बीउबिजन र सिँचाइको व्यवस्था गर्नु आफ्नो एजेण्डा रहेको डा राउतले सुनाउनुभयो ।

# देश विकासको पहिलो आधार सुशासनः कांग्रेस नेता डा कोइराला

विराटनगर, ९ मङ्सिर (रासस) ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं नवनिर्वाचित प्रतिनिधिसभा सदस्य डा शेखर कोइरालाले मुलुकको विकासका लागि सुशासनलाई पहिलो प्राथमिकतामा राख्नुपर्ने बताउनुभएको छ । सुशासनबिना मुलुकको विकास हुन नसक्ने भन्दै उहाँले नेपाली कांग्रेसले सुशासनलाई प्राथमिकतामा राखेर काम गर्ने बताउनुभयो ।

मोरङ निर्वाचन क्षेत्र नं ६ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएपछि प्रतिक्रिया दिँदै उहाँले भन्नुभयो, "देशभर मतगणना चलिरहेको छ, अहिले नै के हुन्छ भनेर आँकलन गर्नु उचित हुँदैन ।" उहाँले मुलुकको शासन सञ्चालनमा युवापुस्ताको उर्जासँगै अनुभवी प्रतिनिधि पनि आवश्यक हुने बताउनुभयो ।

बुवा स्व. केशवप्रसाद कोइराला र आमा नोना कोइरालाको कोखबाट २००७ भदौ ९ मा विराटनगरमा जन्मनुभएका उहाँले अखिल भारतीय आयुर्विज्ञान संस्थान नयाँ दिल्ली, भारतबाट एमडी अध्ययन पूरा गर्नुभएको छ ।

राजनीतिक यात्रा सुरु गर्नु अघि चिकित्सक पेसामा आबद्ध उहाँ प्रजातन्त्र प्राप्तिको आन्दोलनमा शाहीकालमा प्रहरी पहरा गण काठमाडौँमा तीन महिना थुनुवामा बस्नुभएको थियो ।

नेविसङ्घको स्थापनाकाल २०२७ सालमा महेन्द्र मोरङ क्याम्पसबाट विद्यार्थी राजनीतिमा आबद्ध हुनुभएका डा कोइराला २०२८ सालमादेखि पार्टी सदस्यता लिएर सकिय राजनीति सुरु गर्नुभएको हो । नेपाली कांग्रेसको ११औँ, १२औँ र १३औँ महाधिवेशनसम्म केन्द्रीय सदस्यमा निर्वाचित हुनुभएका उहाँ १४औँ महाधिवेशनमा शेरबहादुर देउवासूग सभापति पदका लागि लड्नु भएको थियो ।

विसं २०६५ मा भएको संविधानसभा सदस्यको उपनिर्वाचनमा मोरङबाट निर्वाचित डा कोइराला २०७० मा पनि निर्वाचित हुनुभएको थियो । कोइराला २०७४ सालको प्रतिनिधिसभा सदस्य निर्वाचनमा नेकपा ( एमाले)का लालबाबु पण्डितसँग पराजित भए पनि आसन्न निर्वाचनमा पण्डितसँग १२ हजारभन्दा बढी मतान्तरका साथ विजयी हुनुभएको हो ।

# २५ जिल्लामा गठबन्धन र आठमा एमालेको एकल जित

काठमाडौँ, ९ मङ्सिर (रासस) ।

प्रतिनिधिसभा सदस्यको प्रत्यक्षतर्फ २५ जिल्लाका सबै सिटमा सत्ता गठबन्धनका उम्मेदवार विजयी भएका छन् ।

गठबन्धनले भोजपुर, ओखलढुङ्गा, खोटाङ, सिन्धुली, सिन्धुपाल्चोक, धादिङ, गोरखा, मनाङ, मुस्ताङ, म्याग्दी, बागलुङ, दाङ, रोल्पा, रुकुमपूर्व, रुकुमपश्चिम, डोल्पा, जाजरकोट, दैलेख, सुर्खेत, सल्यान, दार्चुला, बझाङ, डडेलधुरा, डोटी र अछाममा विजय हासिल गरेको हो ।

निर्वाचन आयोगबाट प्राप्त विवरणअनुसार हालसम्म एमालेले आठ र राप्रपाले एक जिल्लामा आफ्नो वर्चश्व कायम गरेका छन् । एमालले ताप्लेजुङ, पाँचथर, धनकुटा, सोलुखुम्बु, पर्वत, अर्घाखाँची, प्यूठान र बैतडीमा एकल जित हासिल गरेको छ भने राप्रपाले जुम्लामा एक सिट एकलरुपमा जितेको छ ।

आयोगका अनुसार एक सय ६५ सिटमध्ये हालसम्म ८९ स्थानको नतिजा सार्वजनिक भइसकेकामा कांग्रेस २८, एमाले २४, माओवादी केन्द्र नौ, एकीकृत समाजवादी छ, राष्ट्रिय स्वतन्त्र पार्टी पाँच, राष्ट्रिय प्रजातन्त्र पार्टी चार, लोकतान्त्रिक समाजवादी पार्टी तीन, जनता समाजवादी पार्टी दुई तथा राष्ट्रिय जनमोर्चा, नेपाल मजदुर किसान पार्टी र जनमत पार्टी एक/एक स्थानमा विजयी भएका छन् । पाँच स्वतन्त्र उम्मेदवारले विभिन्न क्षेत्रबाट निर्वाचन जितेका छन् ।

**दुवै कम्युनिष्ट पार्टीका महासचिव पराजित**

हालसम्म दुई ठूला कम्युनिष्ट पार्टीका महासचिव निर्वाचनमा पराजित भएका छन् । एमालेका महासचिव शङ्कर पोखरेल माओवादी उम्मेदवार रेखा शर्मासँग पराजित हुनुभयो भने माओवादीका महासचिव देवप्रसाद गुरुङलाई एमाले उम्मेदवार पृथ्वी सुब्बा गुरुङले पराजित गर्नुभयो । माओवादीका उपमहासचिव पम्फा भुसाल र सचिव चक्रपाणि खनाल पनि यस निर्वाचनमा पराजित हुनुभयो । यसैगरी एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष सुरेन्द्र पाण्डे, उपमहासचिव प्रदीपकुमार ज्ञवाली र सचिव लेखराज भट्ट पनि पराजित हुनुभयो ।

कांग्रेसका सहमहामन्त्री महालक्ष्मी उपाध्याय (डिना) निर्वाचनमा पराजित हुनुभयो । आफ्नो गृहजिल्ला छाडेर अर्को जिल्लामा निर्वाचनमा विजयी हुनेमा माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेकपा (एकीकृत समाजवादी)का केन्द्रीय सदस्य कृष्णकुमार श्रेष्ठ, कांग्रेसका प्रदीप पौडेल र वीरबहादुर बलायर, राष्ट्रिय स्वतन्त्र पार्टीका रवि लामिछाने हुनुहुन्छ ।

एमाले अध्यक्ष केपी शर्मा ओली, माओवादीका उपमहासचिव वर्षमान पुन र राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने २५ हजार बढी मतान्तरहित विजयी हुनुभएको छ । ओलीले आफ्ना प्रतिद्वन्द्वी खगेन्द्र अधिकारीलाई २८ हजार पाँच सय ७६ मतले पराजित गर्नुभयो । पुनले पूर्ण बुढा मगरलाई २५ हजार दुई

बाँकी तीन पृष्ठमा

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569




डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734

# ‘नेतालाई दिएर भोट, हिंडे युवा कमाउन नोट’

**सिबी अधिकारी**
काठमाडौँ, ९ मङ्सिर (रासस) ।

पिठ्युँमा झोला, बायाँ हातमा पासपोर्ट र दायाँ हातले सुटकेस समातेर विमानस्थल पस्दै गर्दा बिदाइ गर्न आएका छोरा, छोरी र श्रीमतीले गरुङ्गो मनले हात हल्लाए । सङ्खुवासभा बानाका द्रोण कोइराला (३८)ले पनि हात हल्लाउँदै बिदाइको जवाफ फर्काउनुभयो मन गरुङ्गो बनाउँदै ।

यही मङ्सिर ४ मा भएको आम निर्वाचनको सरगर्मीमा रमाउँदै आफ्नो कर्मथलोतर्फ उहाँ लाग्नु भएको हो । कोइरालासँगै खाडी मुलुक जाने अन्य युवा श्रमिकहरु पनि त्यसरी नै हात हल्लाउँदै विमानस्थलभित्र पसे । सबैका आँखा रसिला थिए, व्यथा एउटै थियो । परिवारसँगै बसेर रोजगारी गर्ने चाहना हुँदाहुँदै केही उपाय नदेखेपछि घर व्यवहार चलाउन उनीहरु विदेशी भूमिमा पसिना बगाउन हिँडेका थिए ।

श्रमिकका रुपमा मलेसियामा आठ वर्ष बिताएपछि केही महिनाअघि कोइराला नेपाल फर्कदा मुलुकभर चुनावको माहोल गर्मगराउँदै थियो । उहाँको गाउँ सङ्खुवासभाको बाना पनि राजनीतिक दलका चर्का चुनावी नाराले गुल्जार बन्दै थियो । केही समयपछि उहाँ मलेसिया फर्कने समय आयो ।

गाउँमा चुनाव पनि आयो, आफन्त, छिमेकीहरु कुन उम्मेदवारलाई मतदान गर्ने भन्ने छलफलमा जुट्दै गर्दा उहाँलाई भने खल्लो अनुभव भयो । कारण उहाँ मतदाता हुनुहुन्थेन । त्यसैले भोट हाल्न पाउनु भएन । लामो समय परदेश बसेकाले उहाँले मतदाताको सूचीमा नाम लेखाउन पाउनु भएन । विदेशबाटै नाम लेखाउने व्यवस्था थिएन । “चुनावका दिन मत हाल्न नपाउँदा मन खिन्न त भयो नि”, उहाँले भन्नुभयो, “मत हाल्न नपाए पनि केही छैन, तर राम्रो उम्मेदवारले जीत हासिल गर्न सकोस् भन्ने उहाँको चाहना थियो ।”

बुधबार दिउँसो एयर अरेबियाको विमानबाट मलेसिया जाने तरखरमा कोइराला लाग्दै गर्दा मुलुकभर जोडतोडका साथ मतगण ना चलिरहेको छ । मतपेटिकाभित्र देशभरबाट सङ्कलित मतपत्रमा उहाँ र उहाँ जस्तै कैयन युवाले दिएको मत भने परेको थिएन ।

मतको तथ्याङ्कमा उहाँहरुको हिस्सा नभए पनि बुधबार श्रमका लागि विदेशिने करिब १५ सयको सूचीमा उहाँहरुको नाम सरकारले सुरक्षित राखेको छ । किनभने सरकारले त्यही सूची हेरेर अर्को महिना रेमिट्यान्स बढ्ला कि घट्ला भन्ने प्रक्षेपण गर्नेछ र सोहीअनुसार नीति बनाउने छ ।

चुनावका दिन भोट हाल्न नपाउँदा मन खिन्न भए पनि मतगणना हुँदै गर्दा देखिएका सुरुआती नतिजाले भने उहाँलाई खुसी बनाएको छ । “पुराना नेताले केही गरेनन्, यो चुनावबाट नयाँ नेता आइदिएहुन्थ्यो भन्ने लागेको थियो, त्यस्तै हुन्छ कि भन्ने लागेको छ”, उहाँले भन्नुभयो, “नयाँ नेताले यहीँ बस्ने र काम गर्ने वातावरण बनाइदिए उताभन्दा आधा तलब भए पनि आफ्नै देशमा काम गर्न पाए पुग्थ्यो ।”

कोइरालासँगै श्रम गर्न मलेसिया जाँदै गर्नुभएका जनकपुरका दिलचन मुखियालाई पनि चुनावमा मतदान गरेर खाडीमा श्रमदान गर्न जानपुर्दा निको लागेको छैन । “हामी त भोट न हाल्ने हो, नेतालाई भोट चाहिएको छ र हामीलाई नोट”, मुखियाले भन्नुभयो, “हामीसँग भएको भोट दियौँ, अब नोट कमाउन मलेसिया जाँदैछु ।” उहाँको भाइ स्वास्थ्य सहायक विषय पढ्दैछन् । मलेसियामा कमाएको केही पैसा उनको पढाइ खर्च र बाँकी परिवारलाई पठाइदिने उहाँले सुनाउनुभयो ।

पाँचथर निक्लाजुङ-६ का निलम राई पनि बुधबार विमानस्थलभित्र पस्ने श्रमिकहरुको लाइनमा भेटिनुभयो । उहाँ श्रम भिसामा दोस्रो पटक दक्षिण कोरिया जाँदै हुनुहुन्थ्यो । कोरियाको कमाइले सन्तुष्ट मिले पनि दुःख सम्झँदा थोरै तलब भए पनि देशमै बसौँ भन्ने लाग्छ उहाँलाई । “कोरियामा त दुःख कति छ भनेर कुरा नगरौँ होला, त्यही तलब चार लाखसम्म हुन्छ भनेर मात्रै चित्त बुझाउने हो”, उहाँले भन्नुभयो ।

राई चुनावपछि बन्ने नयाँ सरकारले आफू जस्ता युवाका लागि स्वदेशमै जागिर खाने नीति ल्याइदिए हुन्थ्यो भन्ने आशा राख्नुहुन्छ । “मुलुक रेमिट्यान्सले धानेको छ, रेमिट्यान्स आएन भने पेट्रोलदेखि खाद्यान्न किन्न पैसा पनि हुन्न, यही रेमिट्यान्सले गाडीदेखि सबै किन्नु परेको छ,” राईले भन्नुभयो, “अबको सरकारले सस्तो ब्याजदरमा ऋण दिएर उद्यमशीलताका लागि काम गरे हुन्थ्यो, जागिर खाने वातावरण बनाइदिए हामी जस्ता युवा विदेशिन पर्दैनथ्यो होला ।”

राईजस्तै दोस्रो पटक कोरिया जान लाग्नुभएका बाग्लुङ बिमपोखराका विष्णुप्रसाद शर्मा (३१)ले आफू रहरले नभई बाध्यताले विदेश जानु परेको बताउनुभयो । “गाउँमा चुनावको माहोल बढ्दै थियो, तर मङ्सिर १ मा काठमाडौँ आउनु परेकाले मतदान गर्न पाइन”, उहाँले भन्नुभयो, “मतदान गर्न पाएको भए रमाइलो हुन्थ्यो तर केही छैन कोरियामा श्रमदान गरेर भए पनि देशका लागि सहयोग पुऱ्याउने छु ।”

पाँचथरका राईको जस्तै सोच रामेछापका सूर्यबहादुर कार्कीको पनि छ । चार वर्ष मलेसियामा कमाएको १० लाख रुपैयाँ खर्चेर गोकर्णेश्वरमा सुरु गरेको गोलभेडा खेतीमा लगानी डुबेपछि उहाँ बुधबार फेरि मलेसिया जान लाग्नु भएको थियो । “अघिल्लो वर्ष कोरोना महामारीले केही गर्न सकिएन भने गत वर्ष समयमा बिउ पाइएन”, उहाँले भन्नुभयो, “समयमै काम हुन नसक्दा उत्पादन कम भयो, त्यही उत्पादनले पनि बजारमा राम्रो भाउ पाएन, अनि लगानी डुब्यो ।”

बुधबार एयर अरेबियाको विमानमार्फत् मलेसिया जान लागेका २७ जनाको समूहका कार्की कृषिमा राम्रो गर्न सकिने भए पनि सो अनुसारको सरकारले वातावरण बनाउन नसकेको बताउनुहुन्छ । “अर्बौं रकमको डलर खर्चेर तरकारी खानु परेको छ, त्यही पैसा कमाउन हामी विदेश हिँडेका छौँ तर स्वदेशी उत्पादनलाई प्रोत्साहन नै गरेको देखिन्न”, उहाँले भन्नुभयो, “सकेसम्म विदेश नजाऔँ यतै केही गरौँ भनेर व्यावसायिकरुपमा गोडभेडा खेती सुरु गरेँ तर काम गर्ने उपयुक्त वातावरण नहुँदा बीचमै व्यवसाय छाडेर विदेश पलायन हुनुपऱ्यो ।”

परिस्थितिले खाडी जाने श्रमिकका पीडा बुझ्न खोज्ने नेताहरु नभएको कञ्चनपुरका नरेश बोहोराको बुझाइ छ । मलेसिया जान अघिल्लो दिन मात्रै काठमाडौँ आउनुभएका उहाँले भन्नुभयो, “हाम्रो कुरा राजनीति गर्नेले बुझ्दैनन्, बुझ्ने भए यसरी विदेशिनु पर्ने बाध्यता नै हुँदैन होला ।” बोहोरा चुनावलाई लिएर त्यति उत्साही पनि हुनुहुन्न । “चुनाव त आउँछ जान्छ, नेताहरु फेरिन्छन्, सरकार बनाउनेहरु फेरिन्छन्,” उहाँले भन्नुभयो, “तर हाम्रा दुःख फेरिन्नन्, विदेश जानुपर्ने अवस्था बदलिन्न ।”

चुनावपछि मतगणना चलिरहँदा राजनीतिक दलहरुबीच कसले सरकार बनाउने भन्ने गृहकार्य सुरु भइसकेको छ । तर विमानस्थलमा झोला बोकी पैसा कमाउन विदेशिने श्रमिकहरुका बारेमा कमैले ध्यान दिएको पाइन्छ । चुनावका दिन मतदान गरेर श्रमदान गर्न विदेशिने युवाहरु अबको सरकारले आफ्नाबारेमा पनि ध्यान देओस् र स्वदेशमै बस्ने वातावरण बनाइदिओस् भन्ने चाहेका छन् ।

# जगदम्बा इन्टरप्राइजेजले ४८ मेगावाट बिजुली लिने

काठमाडौँ, ९ मङ्सिर (रासस) ।

बारा-पर्सा औद्योगिक करिडोरमा सञ्चालित जगदम्बा इन्टरप्राइजेजले थप बिजुली पाउने भएको छ । सो उद्योग ४८ मेगावाटसम्म विद्युत् लिन नेपाल विद्युत् प्राधिकरणको प्रणालीमा जोडिएको छ । फलाम र स्टिल उत्पादन गर्दै आएको उद्योगले क्षमता विस्तारका लागि प्राधिकरणबाट थप विद्युत् लिन लागेको हो । यसअघि कूल ४४ मेगावाट लिँदै आएकामा अब थप चार मेगावाट लिने जनाइएको छ ।

प्राधिकरणले परवानीपुर १३२ केभी सवस्टेशनबाट ६६ केभी प्रसारण लाइनमार्फत उद्योगलाई थप विद्युत् आपूर्ति दिने छ । थप

*बाँकी अन्तिम पृष्ठमा*

## *२५ जिल्लामा ...*

सय ३९ मतले पछि पारी विजयी हुनुभयो ।

त्यस्तै रास्वपाका अध्यक्ष लामिछानेले निकटतम् प्रतिद्वन्द्वी उमेश श्रेष्ठभन्दा ३४ हजार तीन सय १२ बढी मत प्राप्त गर्नुभयो ।

**जेठा-कान्छा**

प्रतिनिधिसभाको यस निर्वाचनमा हालसम्म निर्वाचित हुने सबैभन्दा ज्येष्ठ सदस्यका रुपमा राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी हुनुहुन्छ । असी वर्षीय उहाँ बागलुङ निर्वाचन क्षेत्र नं १ बाट निर्वाचित हुनुभएको हो ।

प्रधानमन्त्री शेरबहादुर देउवा डडेलधुरा-१ बाट निर्वाचित हुनुभएको छ । उहाँ ७७ वर्षको हुनुहुन्छ । नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) निर्वाचन क्षेत्र नं २ बाट निर्वाचित राप्रपाका ध्रुवबहादुर प्रधान ७३ वर्षको हुनुहुन्छ । एमाले अध्यक्ष केपी शर्मा ओली झापा ५ बाट निर्वाचित हुनुभएको छ । उहाँ पनि ७० वर्षका हुनुहुन्छ ।

यसैगरी रुपन्देही-४बाट निर्वाचित लोकतान्त्रिक समाजवादी पार्टीका सर्वेन्द्रनाथ शुक्ला ७२ वर्षीय र मोरङ-६ बाट निर्वाचित कांग्रेसका डा शेखर कोइराला ७२ वर्षीय हुनुहुन्छ ।

हालसम्म सबैभन्दा कान्छो उमेरको सांसदका रुपमा सोविता गौतमको प्रवेश भएको छ । आयोगबाट प्राप्त विवरणअनुसार उहाँ २७ वर्षीया हुनुहुन्छ । गौतम काठमाडौँ निर्वाचन क्षेत्र नं २ बाट निर्वाचत हुनुभएको हो । यस्तै मुस्ताङ निर्वाचन क्षेत्र नं १ बाट २९ वर्षीय योगेश गौचन थकाली र जुम्ला निर्वाचन क्षेत्र नं १ बाट ३० वर्षीय ज्ञानबहादुर शाही पनि कम उमेरका सांसदको सूचीमा पर्नुभएको छ ।

प्रत्यक्षतर्फ निर्वाचित महिला सांसदको सङ्ख्या न्यून देखिएको छ । हालसम्म पाँच महिला नेत्रीले प्रत्यक्षतर्फको निर्वाचन जितेका छन् । एमाले र रास्वपाका दुई/दुई र माओवादीका एक महिलालाई मात्र सफलता मिलेको छ । धनुषा ३ बाट एमालेकी जुलीकुमारी महतो (महासेठ) र कास्की २ बाट विद्या भट्टराई तथा दाङ २ बाट माओवादीकी रेखा शर्मा तथा रास्वपाबाट काठमाडौँ २ मा सोविता गौतम र ललितपुर ३ मा तोसिमा कार्की विजयी हुनुभएको छ ।

मधेसी समुदायबाट हालसम्म काग्रेसका दिनेशकुमार यादव सप्तरी ३, रामकृष्ण यादव धनुषा २, अजय चौरसिया पर्सा २, एमालेका रामशङ्कर यादव सिरहा १, जुलीकुमारी महतो (महासेठ) धनुषा ३ र माओवादीका अमनलाल मोदी मोरङ ४, लोसपाका रामप्रकाश चौधरी सर्लाही १, सर्वेन्द्रनाथ शुक्ला रुपन्देही ४, जसपाका वीरेन्द्रप्रसाद महतो सिरहा ४ र प्रदीप यादव पर्सा १ र जनमत पार्टीका चन्द्रकान्त राउत सप्तरी २ बाट निर्वाचित हुनुभएको छ ।

स्वतन्त्र उम्मेदवार योगेन्द्र मण्डल मोरङ ५, अमरेशकुमार सिंह सर्लाही ४, किरणकुमार साह रौतहट २, प्रभू साह रौतहट ३ र लालवीर चौधरी बर्दिया २ बाट विजयी हुनुभएको छ ।

## विश्व समाचार

# पिउने पानी र प्रकाशको अभावमा छटपटाइ रहेछन् किएभका बासिन्दा

किएभ, ९ मङ्सिर (रासस/एपी) ।

करिब नौ महिनादेखि रुसी आक्रमण झेलिरहेका युक्रेनी नागरिकको जीवन कष्टकर बनिरहेको छ । राजधानी किएभका बासिन्दा बिहीबार पिउने पानी र प्रकाशको अभावमा छटपटाइ रहेका थिए ।

अघिल्लो दिन रुसी बम आक्रमणमा पानी र बिजुली आपूर्तिका स्रोत तहसनहस भएपछि प्रकाश, पानी र न्यानोको खोजीमा किएभका जनता हातमा खाली बोतल बोकेर अँध्यारोमा शहरका चमेनागृहतर्फ लागेका थिए । बत्तीको सामान्य व्यवस्था भएका ती चमेनागृहमा ठूलो भीड लागेको थियो । बिहीबार रातिको दृश्य हेर्दा युक्रेनी नागरिक युद्धलाई वेवास्ता गर्दै जीवन जिउने जमर्कोमा लागेका प्रतीत हुन्थ्यो ।

तीस लाख नागरिकको बसोबास रहेको राजधानी शहर किएभमा पिउने पानीको अभाव भएपछि सर्वसाधारणले वर्षाको पानी बग्ने ‘ड्रेनपाइप’बाट जल सङ्कलन गरेका थिए । पानी आपूर्तिको व्यवस्था मिलाउन मर्मत गर्ने टोली अथक परिश्रममा जुटेको थियो । यद्यपि धारामा पानी प्रवाह भइसकेको थिएन ।

पिउने पानी नपाएर आकुलव्याकुल बनेका नगरबासी आफ्ना साथी, परिचित तथा परिजन कसको घरमा बिजुली छ, कसको घरमा पानी छ भनेर मोबाइल फोनमा सन्देश आदानप्रदान गरिरहेका थिए । कुनै घरमा पानी भए बत्ती थिएन, बत्ती भए पानी । नगरमा अघिल्लो दिन गरिएको भीषण हवाई आक्रमणले अकल्पनीय परिस्थितिको सामना गर्न उनीहरू बाध्य भएका थिए । यद्यपि किएभका केही स्थानमा सञ्चालन भएका चमेनागृहले उनीहरूलाई राहत दिएको थियो ।

उनानचालीस वर्षीय ब्याङ्कर ओलेक्सी रश्चुपकिन तेस्रो तलाको आफ्नो ‘फ्ल्याट’ मा पानी आएको थाहापाएपछि ब्युँफिए तर उनको ‘रेफ्रिजेरेटर’ बाट बगेको पानीले कोठा पोखरीमा परिणत भएको थियो ।

बिजुली आपूर्ति नहुँदा उदास भएका उनी टयाक्सी चढेर निपर नदी पारिको ‘क्याफे’मा पुगे जहाँ तातो खाना, तातो पेय र वाइफाईसहितको सेवा प्रवाह भइरहेको थियो । रुसी आक्रमणबाट क्याफेमा कुनै प्रभाव नपरेकाले उनको असहज परिस्थिति केही सहज भयो । “म यहाँ छु किनभने यहाँ तातो कफी पाइन्छ, उज्याला पनि छ, अनि यहाँ जीवन छ,” एशोसिएटेड प्रेसका संवाददातालाई उनले भने ।

किएभ नगरका प्रमुख भिटाली क्लित्सकोले बिहीबार बिहानसम्म शहरका ७० प्रतिशत क्षेत्रमा बिजुली आपूर्ति पुनःस्थापना गरिएको बताए । रुसी आक्रमणमा परी चार जनाले ज्यान गुमाएका बताउँदै उनले क्षेप्यास्त्र आक्रमणमा परी एक जना महिलाको पनि मृत्युभएको जानकारी दिए । हिमपातपछिको वर्षाले कठाङ्ग्रिएको किएभको जनजीवन पुनः पुरानै अवस्थामा फर्कने अपेक्षा गरिएको छ । युक्रेनीहरू रुससँग हार नमान्ने मनावलका साथ आफ्ना सुरक्षा बललाई ढाडस दिइरहेका छन् । बिजुली, पानीजस्ता अत्यावश्यक आधारभूत सुविधा नभए पनि उनीहरू पुटिनसँग कुनै किसिमको सम्झौता गर्न तयार छैनन् ।

# लैङ्गिक हिंसा अन्त्यका लागि राष्ट्रसङ्घको आह्वान

काबुल, ९ मङ्सिर (रासस/एएनआई) ।

अफगानिस्तानमा संयुक्त राष्ट्रसङ्घीय मिशनले तालिबानलाई सार्थक र दिगो शान्ति स्थापना गर्ने प्रयासको महत्वपूर्ण भागको रूपमा महिलाविरुद्ध हिंसा र महिला अधिकारको व्यापक ह्रास अन्त्य गर्न तत्काल कदम चाल्न आह्वान गरेको छ ।

विश्वले महिलाविरुद्धको हिंसा उन्मूलनको लागि अन्तर्राष्ट्रिय दिवस र विश्वव्यापी ‘लैङ्गिक हिंसाविरुद्धको १६ दिने सक्रियता’ को शुरुवात गर्ने क्रममा यो आह्वान गरिएको हो । विश्वमा महिलाविरुद्धको हिंसाको उच्च दर भएको यस देशमा सन् २०२१ को ग्रीष्मकालदेखि महिलाहरुले उनीहरूका धेरै आधारभूत अधिकारहरू प्रतिबन्धित वा खारेज गरिसकेको छ ।

‘अफगानिस्तानका महिलाहरूको मौलिक अधिकारको संरक्षण गर्न आवश्यक छ र सबै प्रकारका हिंसाबाट मुक्त वातावरणको लागि ठोस कदम चाल्नु आवश्यक छ ’ अफगानिस्तानका लागि महासचिवका विशेष प्रतिनिधि रोजा ओतुनबायेवाले भन्नुभएको छ ।

अफगानिस्तानमा स्थायित्व, समृद्धि र दिगो शान्तिका लागि महिला अधिकारको संरक्षण महत्वपूर्ण कारक हो, अफगानिस्तानमा संयुक्त राष्ट्रसङ्घीय सहयोग नियोग (युनामा)की प्रमुख ओतुनबायेवाले बताउनु भएको छ ।

युनामाको विज्ञप्तिअनुसार यो अवस्था गम्भीर मानवीय र आर्थिक सङ्कट र महिलाको आवतजावत, काम गर्ने, शिक्षा खोज्ने र सार्वजनिक जीवनमा भाग लिने स्वतन्त्रतालगायतका मौलिक अधिकारमाथिको प्रतिबन्धका कारण अवस्था बिग्रिएको छ ।

यी कारकहरूले केही परम्परागत सामाजिक मापदण्डहरूलाई सुदृढ पार्ने गरी अनुशासन र नियन्त्रणको रूपमा हिंसाको प्रयोगलाई समर्थन गर्ने, महिला र केटीहरू विरुद्ध हुने हिंसालाई सामान्य बनाउने वातावरण सिर्जना गर्न संयुक्त राष्ट्रसङ्घीय मिशनले थपेको छ ।

# प्रतिनिधिसभामा समानुपातिकतर्फ कुन दलको कति मत

काठमाडौँ, ९ मङ्सिर (रासस)। यही मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको मतगणना जारी छ। पछिल्लो मत परिणामअनुसार प्रतिनिधिसभाको समानुपातिकतर्फ नेकपा (एमाले) अग्रस्थानमा छ।

निर्वाचन आयोगको शुक्रबार दिउँसोसम्मको मतपरिणाम विवरणअनुसार एमालेले ११ लाख २१ हजार दुई सय २१ मत प्राप्त गरेको छ। दोस्रो स्थानमा रहेको नेपाली कांग्रेसको १० लाख ६३ हजार नौ सय ५७ मत प्राप्त गरेको छ। तेस्रो स्थानमा रहेको राष्ट्रिय स्वतन्त्र पार्टीको समानुपातिकतर्फको मत सङ्ख्या पाँच लाख ३१ हजार पाँच सय २० रहेको छ।

नेकपा (माओवादी केन्द्र)को चार लाख ८६ हजार ९१, राष्ट्रिय प्रजातन्त्र पार्टीको दुई लाख ८० हजार एक सय पाँच, जनता समाजवादी पार्टी नेपालको एक लाख ३१ हजार आठ सय १०, नेकपा (एकीकृत समाजवादी)को ८० हजार तीन सय दुई, जनमत पार्टीको ८० हजार दुई सय ३२, नागरिक उन्मुक्ति पार्टीको ७९ हजार सात सय ५२, नेपाल मजदुर किसान पार्टीको ५७ हजार सात सय ७०, लोकतान्त्रिक समाजवादी नेपालको ५६ हजार दुई सय २१, हाम्रो नेपाली पार्टीको ३३ हजार चार सय १९ मत, राष्ट्रिय जनमोर्चाको ३० हजार ६२ मत रहेको निर्वाचन आयोगले जनाएको छ।

# धनुषा-२ मा कांग्रेस : एक सय ५७ मत बढी ल्याएर यादव निर्वाचित

महेन्द्रनगर (धनुषा), ९ मङ्सिर (रासस)। धनुषा २ को प्रतिनिधिसभा सदस्य पदमा सत्तारुढ गठबन्धनबाट नेपाली कांग्रेसका रामकृष्ण यादव निर्वाचित हुनुभएको छ। उहाँले नेकपा (एमाले)का उमाशङ्कर अरगरियाभन्दा एक सय ५७ मत बढी ल्याएर निर्वाचित हुनुभएको हो।

निर्वाचन आयोगका अनुसार कांग्रेसका नेता यादवले २० हजार एक सय १२ मत प्राप्त गर्नुभएको छ भने एमालेका अरगरियाले १९ हजार नौ सय ५५ मत प्राप्त गर्नुभएको हो। त्यस्तै नेकपा (एकीकृत समाजवादी)का पूर्वमन्त्री रामचन्द्र झाले १३ हजार छ सय पाँच मत प्राप्त गर्नुभएको छ।

जनता समाजवादी पार्टी (जसपा)नेपालका गङ्गाराम यादवले १२ हजार नौ सय एक मत प्राप्त गर्नुभएको छ भने जनमत पार्टीका जयनारायण साहले नौ हजार नौ सय ९२ मत प्राप्त गर्नुभएको छ।

नवनिर्वाचित यादव विसं २०६४ र २०७० को पहिलो र दोस्रो संविधानसभा निर्वाचनमा साविकको निर्वाचन क्षेत्र नं २ बाट निर्वाचित हुनुभएको थियो। यादवले नौ महिना कृषिमन्त्री रहेका बेला कृषिमा आधुनिकीकरण गर्न सिँचाइका लागि धनुषामा प्रत्येक किसानको खेतमा सानो सेलोट्युबेल जडान गराउनुभएको थियो। त्यस्तै किसानका लागि प्रधानमन्त्री कार्यक्रमअन्तर्गत धानजोन र मत्स्य जोन कार्यक्रम ल्याउनुभएको थियो।

# काभ्रे-२ मा बाँस्कोटा निर्वाचित

काभ्रेपलाञ्चोक, ९ मङ्सिर (रासस)। काभ्रेपलाञ्चोकको प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं २ मा नेकपा (एमाले)का गोकुलप्रसाद बाँस्कोटा निर्वाचित हुनुभएको छ।

बाँस्कोटाले मुख्य प्रतिस्पर्धी लोकतान्त्रिक वाम-गठबन्धनका तर्फबाट नेपाली कांग्रेसका उम्मेदवार शिवप्रसाद हुमागाईंसँग पाँच हजार आठ सय ६३ मतान्तरले विजयी हुनुभएको हो। मुख्य निर्वाचन कार्यालयका अनुसार बाँस्कोटाले ४५ हजार तीन सय ४५ मत प्राप्त गर्नुभएको छ भने हुमागाईंले ३९ हजार चार सय ८२ मत प्राप्त गर्नुभएको छ।

यस्तै यस क्षेत्रबाट राष्ट्रिय स्वतन्त्र पार्टीका दिनेश हुमागाईंले १० हजार पाँच सय ८६ मत प्राप्त गर्नुभएको छ। यो क्षेत्रमा १६ जना प्रतिनिधिसभा सदस्यमा प्रतिस्पर्धामा उत्रिएका थिए। यस क्षेत्रमा एक लाख तीन हजार तीन सय ९१ ले मतदान गरेको थिए।

बाँस्कोटा प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन २०७४ मा निर्वाचित भएर मन्त्रीसमेत हुनुभएको थियो।

विसं २०३८ मा विद्यार्थी अवस्थादेखि नै राजनीतिमा यात्रारम्भ गर्नुभएका बाँस्कोटा पार्टीका विभिन्न भ्रातृ सङ्गठन तथा पार्टीको जिल्ला नेतृत्व समेत गर्नुभएको थियो। उहाँ पार्टीको पोलिटब्युरो सदस्य हुनुहुन्छ।

# मोरङ क्षेत्र नं ६ बाट कांग्रेस नेता डा कोइराला विजयी

मोरङ, ९ मङ्सिर (रासस)। यही मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको पछिल्लो मतपरिणामअनुसार मोरङ निर्वाचन क्षेत्र नं ६ बाट सत्ता गठबन्धनका उम्मेदवार नेपाली कांग्रेसका नेता डा शेखर कोइराला ३५ हजार दुई सय २४ मत प्राप्त गरी विजयी हुनुभएको छ।

उहाँका निकटतम प्रतिद्वन्द्वीमा नेकपा (एमाले)का लालबाबु पण्डितले २२ हजार नौ सय ४६ मत प्राप्त गरेको मुख्य निर्वाचन अधिकृत दुर्गाप्रसाद ढुङ्गेलले जानकारी दिनुभयो। तेस्रो स्थानमा राष्ट्रिय स्वतन्त्र पार्टीका यादवकुमार प्रधानले नौ हजार एक सय ४० मत प्राप्त गर्नुभएको छ।

निर्वाचन क्षेत्र नं ६(२) बाट प्रदेशसभामा नेपाली कांग्रेसका उम्मेदवार एवं प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री केदार कार्की १० हजार चार सय ५० मत प्राप्त गरी विजयी हुनुभएको छ।

उहाँका निकटतम प्रतिद्वन्द्वी एमालेका कृष्ण बस्नेत (पर्शुराम)ले नौ हजार दुई सय ७३ प्राप्त गर्नुभएको छ। तेस्रो स्थानमा राप्रपाका राजेशकुमार मास्केले तीन हजार आठ सय ३७ मत प्राप्त गर्नुभएको हो।

# कैलाली-२ बाट प्रतिनिधिसभा सदस्यमा नागरिक उन्मुक्तिका चौधरी विजयी

लम्की, ९ मङ्सिर (रासस)। कैलाली निर्वाचन क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्यमा नागरिक उन्मुक्ति पार्टीका अरुणकुमार चौधरी विजयी हुनुभएको छ।

चौधरीले २१ हजार आठ सय ७१ मत प्राप्त गर्नुभएको छ। उहाँका निकटतम प्रतिद्वन्द्वी नेकपा (एमाले)का केन्द्रीय सदस्य झपटबहादुर रावलले १६ हजार एक सय २८ मत प्राप्त गर्नुभएको छ। चौधरी एमालेका उम्मेदार रावलसँग पाँच हजार सात सय ४३ मतान्तरका साथ विजजी हुनुभएको निर्वाचन अधिकृत तेजप्रताप जोशीले जानकारी दिनुभयो।

गठबन्धनका साझा उम्मेदवार नेकपा (माओवादी केन्द्र)का भगतबहादुर बडुवालले १५ हजार एक सय १६ मत प्राप्त गर्नुभएको निर्वाचन अधिकृत जोशीले जानकारी दिनुभयो। यस्तै राप्रपाका भरतसिंह बिसीले दुई हजार सात सय ८४ मत प्राप्त गर्नुभएको छ। एक लाख चार हजार नौ सय छ मतदाता रहेको यस क्षेत्रमा ६० हजार तीन सय ७४ मत खसेको थियो। तीन हजार छ सय ६४ मत बदर भएका छन्।

कैलाली निर्वाचन क्षेत्र नम्बर क्षेत्र २ (क) मा नेपाली कांग्रेसका कमलबहादुर शाह १० हजार चार सय ३३ मत र निर्वाचन क्षेत्र नम्बर क्षेत्र २ (ख) मा नागरिक उन्मुक्ति पार्टीका रामेश्वर चौधरी १० हजार छ सय ६५ मतका साथ यसअघिनै विजयी भइसक्नुभएको छ।

# सिरहा १ (२) मा गुप्ता र ४ (२) मा यादव निर्वाचित

लहान, ९ मङ्सिर (रासस)। सिरहा निर्वाचन क्षेत्र नं १ प्रदेशसभा २ मा जनता समाजवादी पार्टीका उम्मेदवार राजकुमार गुप्ता निर्वाचित हुनुभएको छ। उहाँले १६ हजार दुई सय ३९ मत ल्याउनुभयो भने उहाँका निकटतम प्रतिद्वन्द्वी नेकपा (एकीकृत समाजवादी) पार्टीका अशोककुमार यादवले १३ हजार दुई सय ३३ मत प्राप्त गर्नुभएको थियो।

त्यसैगरी जनमत पार्टीका शम्भुप्रसाद साहले पाँच हजार पाँच सय २७ मत प्राप्त गर्नुभएको निर्वाचन अधिकृत लोकहरि बस्यालले जानकारी दिनुभयो।

सिरहा क्षेत्र नं ४ को प्रदेशसभा २ बाट लोकतान्त्रिक समाजवादी पार्टीका रामबाबु यादव निर्वाचित हुनुभएको छ। यादवले नौ हजार सात सय ६३ मत प्राप्त गर्दा जनता समाजवादी पार्टीका सुरेशकुमार मण्डलले नौ हजार तीन सय ९८ मत प्राप्त गर्नुभयो।

### जगदम्बा ...

विद्युत् आपूर्तिका लागि बिहीबार उद्योग परिसरमा राखिएको ६६/११ केभी, ५० एमभिए क्षमताको ट्रान्सफर्मर परीक्षण गरी सञ्चालनमा ल्याइएको छ। उद्योगले आफ्नै खर्चमा उद्योग परिसरमा ६६ केभीको स्वीचयार्ड बनाएको छ। प्राधिकरणको प्राविधिक टोलीको उपस्थितिमा बिहीबार स्वीचयार्डको परीक्षण तथा सञ्चालन गरिएको हो।

योसँगै जगदम्बा इन्टरप्राइजेज विद्युत् आपूर्ति लिने सबैभन्दा ठूलो ग्राहक बनेको प्राधिकरण सिमरा वितरण केन्द्रका प्रमुख रामु श्रेष्ठले बताउनुभयो। "उद्योगले अहिले चार दशमल आठ एमभिएको लोड लिइरहेको थियो, थप ४४ एमभिए लोड दिनका लागि लाइन तथा ट्रान्सफर्मर परीक्षण सम्पन्न गरी क्रमश: स्वीकृति लोडबमोजिम थप विद्युत् दिन सुरु गरिएको छ", उहाँले भन्नुभयो, "स्वीकृति लोडअनुसार विद्युत् लिएमा उद्योगले मासिकरुपमा रु २० करोडभन्दा बढी महसुल तिर्ने छ।"

ट्राफिक नियमको पालना गरौं।

- बाटो काट्दा जेब्रा क्रसिंगको प्रयोग गरौं,
- सडक बत्ति हेरेर मात्र बाटो काटौं,
- सडक तथा सडक किनारामा जथाभावी सवारी साधन पार्किङ्ग नगरौं,
- तोकिएको स्थानमा मात्र सवारी साधन पार्किङ्ग गरौं,
- पैदलयात्रीले फुटपाथ तथा आकासे पुलको प्रयोग गरौं।

सडक दुर्घटनाबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit · City Express Money Transfer · Best Remit · Prabhu Money Transfer · IME International Money Express · himal remit हिमालरेमिट · CG Money

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर,
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np